Royal Commission
into Aged Care Quality and Safety

NEPALI

# एज्ड केयर क्वालिटी एण्ड सेफ्टि (Aged Care Quality and Safety) मा रोयल कमिसन (Royal Commission) को सोधखोज

एज्ड केयर (वृद्धवृद्धा हेरचाह) सेवाहरुको गुणस्तर र ती सेवाहरुले अष्ट्रेलियाबासी समुदायको आवश्यकताहरु पुर्ति गरिरहेका छन् कि छैनन् भनी हेर्न रोयल कमिसनले सोधखोज गर्ने गरी एज्ड केयर क्वालिटी एण्ड सेफ्टि गठन गरिएको छ । यस अन्तर्गत निम्न लगायतहरु पर्दछन् :

- घरमा बस्ने गरेका ज्येष्ठ मानिसहरुको लागि हेरचाह
- डिमेन्सिया (Dementia-स्मरण समस्या) भएका मानिसहरु, र
- अपाङ्गता भएका युवाहरु लगायत आवासिय एज्ड केयरमा बस्ने गरेका मानिसहरु ।

कमिसनले शहरहरुका साथै क्षेत्रिय र दुर्गम क्षेत्रहरुमा प्रदान गरिएका हेरचाह सेवाहरुको जाँच गर्नेछ । त्यसले भविष्यमा कसरी वृद्धवृद्धा हेरचाह सेवाहरुको सुधार गर्न सकिन्छ भनी सोधखोज गर्नेछ।

## यदि तपाईको वृद्धवृद्धा हेरचाह सेवा सम्बन्धित समस्या छ जसलाई तुरुन्तै कदम चाल्नु पर्नेछ भने

रोयल कमिसनले व्यक्तिगत विवादहरु वा गुनासोहरुको समाधान गर्दैन । त्यसले हेरचाह प्रदान गर्ने संस्था वा व्यक्तिलाई निश्चित कारवाही गर्न वा क्षतिपूर्ति तिराउन आदेश दिदैन । तर पनि, वृद्धवृद्धा हेरचाह सेवाहरुको लागि गुनासो सुन्ने एजेन्सि भएको र अष्ट्रेलियाली सरकारद्धारा आर्थिक अनुदान प्राप्त गर्ने भएकोले एज्ड केयर क्वालिटी एण्ड सेफ्टि कमिसनले यस्तो अवस्थामा सहायता गर्न सक्छ ।

यदि तपाईले कुनै व्यक्तिलाई अहिले प्रदान गरिएको एज्ड केयर (वृद्धवृद्धा हेरचाह) सेवाहरुको गुणस्तर बारे उजुरी गर्न चाहनु हुन्छ भने, तपाईले एज्ड केयर क्वालिटी एण्ड सेफ्टि कमिसनले को १८०० ९५१ ८२२ मा सम्पर्क गर्न सक्नुहुन्छ वा agedcarequality.gov.au वेबसाइटमा हेर्न सक्नुहुन्छ । दोभाषे (Interpreter) सेवाहरु उपलब्ध हुन्छन् ।